नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
कार्यक्रम कार्यान्वयन एकाई, सिरहा

**फोन नं.:** 9852823636, 9842820952,
Email : pmamp.piu.siraha@gmail.com
**वेभसाइट :** piusiraha.pmamp.gov.np

**सूचना नं. ०४** **सूचना प्रकाशित मिति : २०८२/०६/०९**

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सिरहाको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०८२/.०६/२९. गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ सिरहाको कार्यालय तथा जोन प्राविधिक एकाई सप्तरीको कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल :**

| **संचालन हुने कार्यक्रमको नाम** | **लक्षित लाभग्राही** | **कार्यक्रमको संचालन हुने क्षेत्र** | **कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु** | **अनुदान रकम तथा भुक्तानी प्रक्रिया** |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमीमा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | सिरहा र सप्तरी जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भएको मध्ये स्वीकृत भए बमोजिम | • प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

**निवेदन साथ संलग्न कागजातहरु :**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
२. निवेदकको व्यक्तिगत तथा तिनुपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि ) ।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु ।
५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र ।

**नोट :** विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाई, धनगढीमाई, सिरहाको वेभसाईड, सूचना पाटी तथा न.पा./गा.पा. को सूचना पाटीमा हेर्नु होला तथा मोबाईल नं. ९८५२८२३६३६, ९८४२८२०९५२ मा सर्म्पक राख्न हुन अनुरोध छ ।

...................................
कार्यालय प्रमुख

कार्यालय प्रमुख

**कार्यक्रम संचालन हुने बाली/वस्तु तथा [illegible]का क्षेत्र:**

(क) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

(ख) तरकारी बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।।

(ग) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण ।

(घ) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।

(ङ) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीके उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(च) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।

(छ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन ।

(ज) प्राङ्गारिक कृषि वस्तु निर्यात ।

(झ) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण ।